संघीय संसद

राष्ट्रिय सभा

सत्रौं अधिवेशन

बैठक-१७

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:२० बजे*

*बैठक स्थगित : १:३५ बजे*

२०८१ चैत १३ गते, बुधवार

---

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको सत्रौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२० बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले बैठक सञ्चालन गर्न लाग्दा सभामा प्रतिपक्षका माननीय सदस्यहरू उठेर सभा अवरूद्ध गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिपक्षको तर्फबाट **माननीय सदस्य गोपी बहादुर सार्की आछामीले** बोल्न समय माग गर्नु भएको हुँदा बोल्न समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य गोपी बहादुर सार्की आछामीले** नेपाल सरकारले २०८१/१२/११ गते मन्त्रिपरिषद्को बैठकले नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने निर्णय गरेको छ। कुलमान घिसिङ आउनु भन्दा अगाडि १८ घण्टा लोडसेडिङ थियो। यो १८ घण्टा लोडसेडिङ विद्युत चुहावट र अन्धकारमा रहेका नेपाली जनतालाई उज्यालो नेपाल दिने एउटा कुशल व्यवस्थापक, इमानदार कर्मचारी जसले लाखौ जनतालाई उज्यालो तर्फ लाने एउटा महत्वपूर्ण भूमिका खेलिराखेको कर्मचारीको सेवा अवधि ४ महिना मात्र बाकी हुँदा नेपाल सरकारलाई के आपत् आइपरे र कुलमान घिसिङलाई हटाउने निर्णय गर्नु भयो ।यस सम्बन्धमा हाम्रो पार्टीको तर्फबाट र सम्पूर्ण प्रतिपक्षको तर्फबाट घोर भर्त्सना गर्दै सम्माननीय प्रधानमन्त्रीले जबसम्म यस सम्मानित सभामा आएर स्पष्टिकरण दिनु हुन्न तबसम्म यो सभा नचलाउन आफ्नो पार्टीको तर्फबाट र सम्पूर्ण प्रतिपक्षको तर्फबाट आग्रह गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्पूर्ण प्रतिपक्षले उठाउनु भएको विषयमा सभाको गम्भिर ध्यानाकर्षण भएको बताउँदै बसेर सभा सञ्चालन गर्न सहयोग गरिदिनु हुन अनुरोध गर्नु भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले निरन्तरको आग्रहलाई वेवास्ता गर्दै माननीय सदस्यहरूले आजको बैठकको कामकारवाहिमा अबरोध जारी नै राखेकाले राष्ट्रिय सभाको बैठक **आजै १५ मिनेटपछि** बस्ने गरी बैठक स्थगित भएको जानकारी गराउनुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव